# परशुराम नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय
जोगबुढा, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं. २०७८/०७९
च.नं.: १६५१

मिति : २०७९/२/१७

विषय: बस्ती तहमा योजना छनौट गरी वडास्तरमा प्राथमिकता निर्धारण गर्ने सम्बन्धमा।

श्री वडा कार्यालयहरु सवै
परशुराम नगरपालिका डडेल्धुरा।

प्रस्तुत सम्बन्धमा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ अनुसार आगामी आ. व. २०७९/०८० को बजेट तथा कार्यक्रम तर्जुमा गर्न तहाँ वडा अन्तर्गत रहेका सवै टोल बस्तीहरुको सूची तयार गरी, वडा समिति मार्फत वडा अध्यक्ष र प्रत्येक वडा सदस्यहरुलाई विभिन्न बस्ती वा टोलको योजना तर्जुमा कार्यमा सहजीकरण गर्न संयोजकको जिम्मेवारी तोकि, हरेक बस्तीमा सवैलाई पायक पर्ने स्थानमा योजना छनौट बैठक आयोजना गर्ने, वडा कार्यालय मार्फत कार्यतालिका सहितको बैठक हुने दिन, मिति र समय कम्तीमा तीन दिन अगावै सार्वजनिक सूचना मार्फत जानकारी गराउने । बस्ती टोलस्तरमा योजना तर्जुमा सम्बन्धमा छलफल गर्दा लैंगिक समानता र सामाजिक समावेशिकरण, पोषण, वालवालिका, विपद् जोखिम न्यूनिकरण तथा जलवायु अनुकूलन जस्ता विषयमा विशेष ध्यान दिन र तपसिल बमोजिमको विषयगत क्षेत्रका आधारमा योजना छनौट गरी, **"कोही पनि नछुट्न, कोही पनि पछाडि नपरुन्"** भन्ने अवधारणा अनुसार बस्तीभित्रका सवै वर्ग र समुदायको प्रतिनिधित्व सुनिश्चित गर्नहुन जानकारी गराइन्छ । साथै वजेट निर्माणको मार्गदर्शन, योजना छनौट एवं प्राथमिकिकरणका आधारहरु, बस्ती/टोल स्तर आयोजना छनौट तथा सूची तयारी फाराम (अनुसूची २३) यसैसाथ संलग्न गरिएको छ ।

तारानाथ पनेरु
प्रमुख प्रशासकीय अधिकृत

तपसिल

| क्र. सं. | योजनाको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| भौतिक पूर्वाधार | | | |
| | | | |
| सामाजिक विकास | | | |
| | | | |
| आर्थिक विकास | | | |
| | | | |
| वन वातावरण र विपद् ब्यवस्थापन | | | |

फोन: ०९६४११००४, फ्याक्स: ०९६४११००४
ईमेल:parshurammun@gmail.com, वेवसाइट:http://www.parshurammun.gov.np

परशुराम नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
जोगबुढा, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

| | | | |
|---|---|---|---|
| | | | |
| शुशासन तथा सार्वजनिक सेवा प्रवाह | | | |
| | | | |

## आ.व. २०७९/०८० का योजना छनौट एवं प्राथमिकीकरणका आधारहरु

- गरिबि न्यूनीकरण, रोजगारी श्रृजना र आय अर्जन वृद्धिमा प्रत्यक्ष योगदान पुर्‍याउने योजना ।
- क्रमागत, उत्पादनमुलक र छिटो प्रतिफल दिने योजना ।
- आन्तरिक राजश्व वृद्धि र परिचालनमा योगदान पुर्‍याउने योजना ।
- स्थानीय श्रोत साधन, श्रम, सीप र प्रविधिमा आधारित योजना ।
- राष्ट्रीय नीति तथा कार्यक्रमलाई टेवा पुग्ने कार्यक्रमहरु ।
- जनसहभागिता बढी जुट्ने योजनाहरु ।
- लैंगिक समानता, समाजिक समावेसीकरणको अभिवृद्धि हुने योजनाहरु ।
- द्विगो विकास, बातावरण संरक्षण र विपद व्यवस्थापनमा योगदान पुर्‍याउने योजना ।
- सेवा प्रवाह, सस्थागत विकास र सुशासनमा योगदान पुर्‍याउने योजना ।
- स्थानीय सस्कृति र पहिचान प्रवर्द्धन हुने योजनाहरु ।
- चालु आ.व.मा बजेट बिनियोजन भएका र विभन्न कारणले सम्पन्न हुन नसकेका योजनाहरु ।
- दुर्गम, पिछडीएका तथा पुर्वाधार विकास कम पुगेका क्षेत्रहरु ।

## आयोजना प्राथमिकीकरणका आधारहरु तथा प्राथमिकता निर्धारण फाराम

(आयोजना प्राथमिकीकरणका आधारहरु (पुर्णांक १००))

१) गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने आयोजनाहरु (२० अंक)
   (क) प्रत्यक्ष योगदान पूर्याउने - २० अंक
   (ख) अप्रत्यक्ष योगदान पूर्याउने - १० अंक
   (ग) तटस्थ -५ अंक

२) उत्पादनमुलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने आयोजनाहरु (१५ अंक)
   (क) चालू आ.व.मा नै सम्पन्न हूने - १५ अंक
   (ख) आगामी आ.व. मा सम्पन्न हूने - १० अंक

फोन: ०९६४११००४, फ्याक्स: ०९६४११००४
ईमेल:parshurammun@gmail.com, वेबसाइट:http://www.parshurammun.gov.np

(ग) अन्य – ५ अंक

३) आम्दानी र रोजगार बृद्धि गर्ने आयोजनाहरु (१५ अंक)

(क) प्रत्यक्ष योगदान पूर्याउने –१५ अंक

(ख) अप्रत्यक्ष योगदान पूर्याउने –७५ अंक

(ग) तटस्थ –०

४) लागत सहभागिता जुट्ने आयोजनाहरु (१५ अंक)

(क) ५०% वा सो भन्दा बढी लागत सहभागिता हुने – १५ अंक

(ख) २०% देखि ५०% सम्म लागत सहभागिता हुने – १० अंक

(ग) २०% सम्म लागत सहभागिता हुने – ५ अंक

(घ) लागत सहभागिता नहुने – ०

५) स्थानीय श्रोत साधन र सीपको प्रयोग हुने आयोजनाहरु (१० अंक)

(क) आयोजनालाई आवश्यक पर्ने सबै श्रोत साधन स्थानीय तहमा उपलब्ध हुने – १० अंक

(ख) आयोजनालाई आवश्यक पर्ने ५०% सम्म श्रोत साधन स्थानीय तहमा उपलब्ध हुने– ७.५ अंक

(ग) अन्य – ५ अंक

६) समावेशी विकासमा योगदान पूर्याउने आयोजनाहरु (१० अंक)

(क) प्रत्यक्ष योगदान पूर्याउने – १० अंक

(ख) अप्रत्यक्ष योगदान पूर्याउने – ५ अंक

(ग) तटस्थ – ०

७) दीगो विकास र वातावरणीय संरक्षण गर्ने आयोजनाहरु (१० अंक)

(क) प्रत्यक्ष योगदान पूर्याउने –१० अंक

(ख) अप्रत्यक्ष योगदान पूर्याउने – ५ अंक

(ग) तटस्थ – ०

८) स्थानीय भाषिक, सांस्कृतिक विकास गर्ने आयोजनाहरु (५ अंक)

(क) प्रत्यक्ष योगदान पूर्याउने –५ अंक

(ख) अप्रत्यक्ष योगदान पूर्याउने – ३ अंक

(ग) तटस्थ – ०

९. चालु आ.व.मा बजेट विनियोजन भएका र विभन्न कारणले सम्पन्न हुन नसकेका योजनाहरु (पहिलो प्राथमिकता)

१०. दुर्गम, पिछडीएका तथा पुर्वाधार विकास कम पुगेका क्षेत्रहरु (प्राथमिकता)

प्रमुख प्रशासकीय अधिकृत

परशुराम नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
जोगबुढा, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

वडा कार्यालयहरुले प्राप्त अख्तीयारी अनुसारको अनुदान रकमको उच्चतम प्रतिफल प्राप्त हुने गरि देहायका आधारमा उपयोग गर्नु पर्नेछ ।

१. चालु आ.व.२०७८/०७९मा बजेट विनियोजन भएका र विभिन्न कारणले कार्यान्वयन हुन नसकेका योजनाहरुलाइ प्राथमिकता दिनु पर्ने ।

२. दिगो विकास, वातावरण संरक्षण र विपद व्यवस्थापनमा योगदान पुर्‍याउने योजनाहरुलाई प्राथमिकता दिनु पर्ने ।

३. गरिवी न्यूनीकरण, रोजगारी श्रृजना र आय आर्जनमा योगदान पुर्‍याउने तथा आर्थिक विकासमा टेवा पुर्‍याउन योजनाहरुलाई प्राथमिकता दिनु पर्ने ।

४. COVID-19 कोरना भाईरसवाट परेको प्रभाव एवं माहामारीबाट उत्पन्न हुन सक्ने जोखिम (स्वास्थ्य, कृषि, शिक्षा र विपदव्यवस्थापन जस्ता क्षेत्र) न्युनीकरणमा टेवा पुगाउने योजनाहरुलाई प्राथमिकता दिनुपर्ने ।

५. आन्तरिक राजश्व वृद्धि र परिचालनमा योगदान पुर्‍याउने योजनाहरुलाई प्राथमिकता दिनु पर्ने ।

६. साविकका विषयगत मन्त्रालय, विभाग एवं जिल्ला स्तरहरुवाट हस्तान्तरण भई आएका आयोजना तथा कार्यक्रमहरु जस्तै: आधारभुत तथा माध्यमिक शिक्षा सम्वन्धि, आधारभुत स्वास्थ्य र सरसफाई सम्वन्धि, कृषि तथा पशुपालन सम्वन्धी, कृषि उत्पादन व्यवस्थापन सम्वन्धि, पशु र सहकारी सम्वन्धि, कृषि प्रशारको व्यवस्थापन संचालन र नियमन सम्वन्धी कार्यहरु, खानेपानी एवं ग्रामीण सडक आदि जस्ता कार्यक्रमहरुमा बजेट व्यवस्थापन गरि बाकी हुन आउने रकम अन्य कार्यक्रमहरुमा छुट्याउनु पर्ने छ ।

८. खर्चको अवस्यकता र राजश्वको क्षमता बीचको वित्तीय अन्तर (Fiscal Gap) परिपुर्ती गर्नमा रकम प्रयोग गर्नुपर्नेछ । वडातह भित्र न्यायोचित, सन्तुलित र पारदर्शी रुपमा खर्च गर्नु पर्नेछ ।

**नोट: स्थानीय तहहरुको चुनाव भई नयां जनप्रतिनिधीहरु आएको अवस्था रहेको तथा सवै संस्थागत संरचनाहरु तयार नभई सकेको अवस्था रहेकोले अगामी आ.ब. २०७९।०८० को वजेट सिलिङ तयार नभएको अवस्था विद्यमान रहेकोले वजेट सिलिङ तयार भईसकेपछी उपलब्ध गराईने व्यहोरा समेत अनुरोध छ ।**

प्रमुख प्रशासकीय अधिकृत

फोन: ०९६४११००४, फ्याक्स: ०९६४११००४
ईमेल:parshurammun@gmail.com, वेवसाइट:http://www.parshurammun.gov.np

**अनुसूची २३:**

# बस्ती/टोल स्तर आयोजना छनौट तथा सूची तयारी फाराम

*(दिग्दर्शनको परिच्छेद ४ को दफा ४.८ को चरण ३ को बुँदा ३.२ सँग सम्बन्धित)*

## क. वस्ती/टोल स्तरको आवश्यकता पहिचान तथा छनौट फाराम

| विषय क्षेत्र तथा उपक्षेत्र | के उपलब्ध छ ? (संभावना) | के छैन ? (आवश्यकता) | के हुनु पर्छ (कार्यक्रम/आयोजना) ? |
|---|---|---|---|
| **आर्थिक क्षेत्रः** कृषि, पर्यटन, उद्योग तथा वाणिज्य, सहकारी तथा वित्तीय क्षेत्र आदि । | | | |
| **सामाजिक क्षेत्रः** शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ, सँस्कृति प्रवर्द्धन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण आदि । | | | |
| **पूर्वाधार क्षेत्र :** सडक तथा पुल, सिंचाई, भवन तथा सहरी विकास, ऊर्जा, लघु तथा साना जलविद्युत्, सञ्चार आदि । | | | |
| **वन, वातावरण तथा विपद् व्यवस्थापनः** वन तथा भू-संरक्षण, जलाधार संरक्षण, जलवायु परिवर्तन, फोहोरमैला व्यवस्थापन, जलउत्पन्न प्रकोप नियन्त्रण, विपद् व्यवस्थापन, बारुणयन्त्र सञ्चालन आदि । | | | |
| **संस्थागत विकास, सुशासन र सेवा प्रवाहः** ऐन कानून तर्जुमा, संस्थागत विकास, स्रोत परिचालन, योजना व्यवस्थापन, सेवा प्रवाह, सूचना व्यवस्थापन आदि । | | | |

## ख. वस्ती/टोलस्तरबाट छनौट भई वडा समितिमा पेश गर्ने आयोजना विवरण फाराम

| विषय क्षेत्र | आयोजना/कार्यक्रम विवरण | | | लागत अनुमान (रु हजारमा) | | | | लाभान्वित घरधुरी/जनसंख्या | माग गर्ने समूह, टोल/समुदाय वा बस्तीको नाम |
|---|---|---|---|---|---|---|---|---|---|
| | नाम | स्थल/स्थान | परिमाण | समुदायको योगदान | गापा/नपा | अन्य | जम्मा | | |
| आर्थिक विकास | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| सामाजिक विकास | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| पूर्वाधार विकास | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| वन, वातावरण र विपद् व्यवस्थापन | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |